घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल
सामाजिक विकास महाशाखा

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


पत्र संख्या २०७८/७९
च नं ५१५

मिति: २०७८/१२/२१

श्री घोराही उपमहानगरपालिका अन्तरगत सवै विद्यालयहरु

**शैक्षिक २०७८ को कक्षा ५ को बार्षिक परीक्षा संचालन सम्बन्धी निर्देशनहरु:**

- सम्बन्धित विद्यालयलाई नै परीक्षा केन्द्र तोकिएको छ ।
- यस महाशाखाबाट नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयको प्रश्नपत्र प्राप्त हुनेछ र अन्य विषयको हकमा विद्यालयले आफै प्रश्नपत्र तयार गरी परीक्षा संचालन गर्नुपर्ने छ ।
- केन्द्र संचालन, उत्तर पुस्तिका परीक्षण आदि परीक्षा संचालनको खर्च विद्यालय आफैले व्यवस्था गर्नुपर्ने छ ।
- परीक्षा संचालनको समय तालिका निम्नानुसार तयार गरिएको छ ।

समय: दिउसो १ बजे देखि

| मिति, बार | कक्षा ५ का विषयहरु |
|---|---|
| २०७९/१/२, शुक्रबार | अनिवार्य अंग्रेजी |
| २०७९/१/४, आइतबार | अनिवार्य गणित |
| २०७९/१/५, सोमबार | अनिवार्य नेपाली |
| २०७९/१/६, मंगलबार | अनिवार्य विज्ञान वातावरण र स्वास्थ्य तथा शारीरिक शिक्षा |
| २०७९/१/७, बुधबार | अनिवार्य सामाजिक अध्ययन तथा सिर्जनात्मक कला<br>सामाजिक अध्ययन उर्दु (मदरसा तर्फ) |
| २०७९/१/८, विहिबार | स्थानीय विषय |

- प्रश्नपत्र मिति २०७८।१२।२८ र २९ गते यस महाशाखाबाट वितरण गरिने छ ।
- मिति २०७९।०१। १५ गते सम्म उल्लिखत विषयहरुको उत्तर पूस्तिका परीक्षण गरिसक्नुपर्ने र मिति २०७९।०१। १८ गते भित्र विद्यालयमा नतिजा प्रकाशित गरिसक्नुपर्ने छ ।
- नतिजा प्रकाशित गरिसकेपछि प्राप्तांकलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा अपलोड गरी दुई प्रति मार्क लेजर तयार गर्ने र सो अनुसार ग्रेट सिट तयार गरी यस महाशाखाबाट प्रमाणित गर्नुपर्ने छ ।

(विनोद गौतम)
महाशाखा प्रमुख

# घोराही उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन–फ्याक्स : ०८२–५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२–५६०४९९
www.ghorahimun.gov.np

### सामाजिक विकास महाशाखा


पत्र संख्या २०७८/७९
च नं ६९३

मिति: २०७८/१२/२१

श्री घोराही उपमहानगरपालिका अन्तरगत सवै विद्यालयहरु

**शैक्षिक २०७८ को कक्षा ८ को बार्षिक परीक्षा संचालन सम्बन्धी निर्देशनहरु:**

- सम्बन्धित विद्यालयलाई नै परीक्षा केन्द्र तोकिएको छ ।
- केन्द्र संचालन र उत्तरपुस्तिका परीक्षण खर्च परीक्षा समितिको निर्णयानुसार व्यवस्था गरिने छ ।
- सम्बन्धित विषय शिक्षकहरुबाट उत्तरपुस्तिका परीक्षण गराउने र मार्क स्लिपमा स्पष्ट रुपमा अंक चढाएर परीक्षकबाट प्रमाणित गराउने ।
- परीक्षा समाप्त भएको विषयको सोही दिन सम्बन्धित विषय शिक्षकलाई उत्तरपुस्तिका उपलब्ध गराइ बढिमा ३ दिन भित्र परीक्षण गराउने व्यवस्था मिलाउने । यसरी नै सवै विषयको परीक्षण व्यवस्था मिलाउने र २०७९।०१।१५ गते भित्रै सवै उत्तरपुस्तिकको परीक्षण गराइसक्नुपर्ने छ ।
- मार्क स्लिप अनलाइन प्रिन्ट गरी उपलब्ध हुनेछ । मार्क स्लिपमा भएको अंक मिति २०७९।१।१७ गते भित्रै विद्यालयले नै अनलाइन इन्ट्रि गर्नुपर्नेछ ।
- मिति २०७९।०१।१२ देखि २०७९।०१।१४ गते सम्म प्रयोगात्मक परीक्षा संचालन गरी मिति २०७९।०१।१५ गते भित्रै प्रयोगात्मक अंक अनलाईन इन्टि गरिसक्नुपर्नेछ । प्रयोगात्मक परीक्षाको मार्क स्लिप फारम प्रमाणित गरी यस महाशाखामा मिति २०७९।१।१८ गते सम्म बुझाइसक्नुपर्ने छ।
- सवै विषयहरुको सक्कलै मार्क स्लिप अनलाईन इन्ट्रि पछि यस महाशाखामा विषयगत रुपमा छुट्टुटै फाइल बनाई मिति २०७९।०१। १८ गते भित्र बुझाउनु पर्नेछ ।
- परीक्षा संचालनको समय तालिका यस महाशाखाको वेवसाइटमा यस अघि नै राखिएको छ ।
- प्रश्नपत्र र उत्तरपुस्तिका मिति २०७८।१२।२८ र ३० गते यस महाशाखाबाट वितरण गरिने छ ।
- एक बेञ्चमा २ जना परीक्षार्थी मात्र राख्ने व्यवस्था मिलाउने ।
- मूल उत्तर पुस्तिकामा उल्लेखित २०७७ साललाई अनिबार्य रुपमा संशोधन गरी २०७८ लेखि परीक्षार्थीलाई उत्तर पुस्तिका वितरण गर्ने व्यवस्था मिलाउने

(विनोद गौतम)
महाशाखा प्रमुख